नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या: २०८०।०८१

चलानी नं.: ५८०

मिति: २०८१।०३।२४

विषयः डेंगी रोकथाम तथा नियन्त्रणको कार्ययोजना कार्यान्वयन सम्बन्धमा ।

श्री गाउँपालिका (सबै),
श्री नगरपालिका (सबै) ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प. सं. २०८०।०८१, च. नं. २००, मिति २०८१।०३।१७ को स्थानीय तहमा डेंगी रोकथाम तथा नियन्त्रणको कार्ययोजना कार्यान्वयन सम्बन्धि पत्र संलग्न छ । सो सम्बन्धमा 'डेंगी रोकथाम तथा नियन्त्रणको कार्ययोजना, २०८१' बमोजिम स्थानीय सरकारलाई निर्दिष्ट गरिएका क्रियाकलाप गर्न/गराउन आदेशानुसार अनुरोध छ ।

३/२४
(दीपेश कट्टेल)
शाखा अधिकृत

बोधार्थः
**श्री सूचना तथा प्रविधि शाखाः** सबै गाउँपालिका, तथा नगरपालिकाको इमेलमा प्रेषण गरी मन्त्रालयको वेबसाइटमा समेत अपलोड गरिदिनुहुन ।

सिंहदरबार, काठमाडौं फोन नं. ०१-४२००५११/०१-४२००३०४
E-mail: cmmofald@gmail.com/local.level.coordination@mofaga.gov.np Website: www.mofaga.gov.np

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**स्वास्थ्य समन्वय महाशाखा**
**(बहुक्षेत्रीय समन्वय शाखा)**

फोन: ४-२२३५८०, २६२६९६, २६९७३६, २६२८०२, २६२९८७, २६२४६८, २६२५४३

रामशाहपथ, काठमाडौं नेपाल

प.स. २०८०/०८१
च.नं. २००

मिति: २०८१/०३/१७

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार,काठमाडौं ।

विषय: डेंगी रोकथाम तथा नियन्त्रणको कार्ययोजना कार्यान्वयनका लागि स्थानीय तहहरुलाई पत्राचार गरिदने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस आर्थिक बर्षको विगत ६ महिनामा देशका ७२ जिल्लाबाट डेंगी संक्रमितको प्रतिवेदन प्राप्त भईसकेको र मनसुनको आगमन संगै डेंगी संक्रमणको संख्यामा थप वृद्धि हुने आंकलन गरिएकोले सोको पूर्व तयारी तथा प्रतिकार्यका लागि स्वास्थ्य सेवा विभागबाट स्वीकृत "डेंगी रोकथाम तथा नियन्त्रणको कार्ययोजना,२०८१" बमोजिम निर्दिष्ट गरिएका स्थानीय सरकारबाट गर्नुपर्ने क्रियाकलापहरु संचालन गर्न सबै स्थानीय तहहरुलाई परिपत्र गरिदिनुहुन यस मन्त्रालय मिति २०८१/०३/१७ (सचिवस्तर)को निर्णयानुसार अनुरोध छ ।इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा बाट प्राप्त मिति २०८१/०३/१६,च.न. १५९३ को पत्र र कार्ययोजनाको छायाँप्रति समेत यसै साथ पठाईएको व्यहोरा अनुरोध छ ।

सादर अवगतार्थ
मा.मन्त्रीज्यूको सचिवालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।
श्रीमान् सचिवज्यू, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।

अन्जना पोखेल
शाखा अधिकृत

बोधार्थ
श्रीमान् महानिर्देशक ज्यू, स्वास्थ्य सेवा विभाग, टेकु ।
श्री इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, स्वास्थ्य सेवा विभाग, टेकु ।

स्थानीय तह समन्वय शाखा,
पत्राचार

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

फोन नं. ०१-४३५५७९६
Website: edcd.gov.np
पचली, टेकु, काठमाण्डौ, नेपाल

प. सं. ०८०/०८१
च.नं. १२९३

मिति: २०८१/०३/१६

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाण्डौ

बिषयः डेंगी रोकथाम तथा नियन्त्रणको कार्ययोजना कार्यान्वयनका लागि स्थानीय तहहरुलाई पत्राचार गरिदिने सम्बन्धमा

उपरोक्त सम्बन्धमा यस आर्थिक बर्षको विगत ६ महिनामा देशका ७२ जिल्लाबाट डेंगी संक्रमितको प्रतिवेदन प्राप्त भईसकेको र मनसुनको आगमन संगै डेंगी संक्रमणको संख्यामा थप बृद्धी हुने आंकलन गरिएकोले सोको पूर्वतयारी तथा प्रतिकार्यका लागि स्वास्थ्य सेवा विभागबाट स्विकृत "डेंगी रोकथाम तथा नियन्त्रणको कार्ययोजना, २०८१" बमोजिम निर्दिस्ट गरिएका स्थानीय सरकारबाट गर्नुपर्ने तपसिल बमोजिमका क्रियाकलापहरु संचालन गर्न सबै स्थानीय तहहरुलाई परिपत्र गरिदिनुहुन कार्ययोजनाको छायाँप्रति समेत यसै साथ पठाइएको व्यहोरा अनुरोध छ।

..............................
डा. यदु चन्द्र घिमिरे
निर्देशक

डेंगी रोकथाम तथा नियन्त्रणका लागि स्थानीय सरकारको भूमिका

१. डेंगी रोग रोकथाम तथा नियन्त्रणका लागि सूचनाको उत्पादन, प्रकाशन तथा वितरण गर्ने। स्थानीय रेडियो, टेलिभिजन, अन्य आम संचार माध्यम तथा सामाजिक संजाल बाट डेंगी रोग रोकथामको सूचना प्रवाह गर्ने।
२. डेंगी रोग सम्बन्धमा सचेतनाका लागि विद्यालय शिक्षा कार्यक्रम संचालन गर्ने।
३. आमा समुह/ टोल विकास संस्था/ म.स्वा.स्व.से तथा सामाजिक संघ संस्था को सहयोग/सहकार्यमा डेंगी सम्बन्धी सचेतनाका लागि घरदैलो कार्यक्रम गर्ने।
४. चोक तथा रणनैतिक स्थानहरुमा ब्यानर तथा पोस्टर प्रदर्शन तथा माइकिङ्ग मार्फत जनचेतना अभिवृद्धि गर्ने।
५. घर वरिपरि तथा कार्यस्थल, भूमिगत पार्किङ स्थल तथा निर्माणाधीन भवन, अव्यवस्थित ग्यारेज तथा कवाडी खानामा फालिएका गाडीका टायरहरु ड्रम तथा खालि बट्टा लगायत जमेका पानी को निगरानी र लामखुट्टेको लार्भा खोज तथा नष्ट गर्ने अभियान कम्तिमा हप्ताको एकपटक संचालन गर्ने; बहु-निकाय समन्वय मार्फत समुदायमा आधारित बिभिन्न संघ संस्थाहरुलाई समेत परिचालन गर्ने।
६. बाहक (लामखुट्टे) को प्रतिकार्य निगरानी (सर्भिलेन्स गर्ने/ संघ तथा प्रदेश संग समन्वय तथा सहकार्य गर्ने।
७. अस्पतालहरुलाई तयारी अवस्थामा राखी आवश्यकता अनुसार ज्वरोका बिरामीहरुको चाप बढेको अवस्थामा ज्वरो क्लिनिक/वार्ड संचालन तथा व्यवस्थापन गर्ने/गराउने।
८. निजी तथा सरकारी अस्पताल तथा स्वास्थ्य संस्थाबाट शंकास्पद र ल्याब प्रमाणित डेंगीका बिरामीहरुको पूर्ण विवरण इपिडीमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले निर्दिष्ट गरेको ढाँचामा कम्तिमा साताको एक पटक प्रतिवेदन गर्ने।

बोधार्थ
श्री स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौं

# डेंगी रोकथाम तथा नियन्त्रण कार्ययोजना

## २०८१

नेपाल सरकार

स्वस्थ्य तथा जनसंख्या मन्त्रालय

# डेंगी रोकथाम तथा नियन्त्रण कार्ययोजना

## १.१. डेंगी रोगको संक्रमणको अवस्था

नेपालमा बि.सं. २०६१ सालदेखि डेंगी रोग देखिन शुरु भए पश्चात प्रत्येक बर्ष यो रोग देशका विभिन्न जिल्लामा कहिले महामारीको रुपमा त कहिले छिटफुट रुपमा देखापर्ने गरेको छ २०८० सालमा बैशाख महिना देखि डेंगी रोगका बिरामीहरुको संख्यामा वृद्धि भइ भाद्र, असोज र कार्तिक महिनामा देशका ७७ वटै जिल्लाहरुबाट प्रतिवेदन भएको थियो, जसमध्ये, सुनसरी लगायत १० भन्दा बढी जिल्लाहरुमा प्रकोपको रुपमा देखा परेको थियो। २०८० साल पौष मसान्त सम्ममा देश भर झन्डै ५२ हजार भन्दा बढी व्यक्तिहरुमा संक्रमण भइ २० जना व्यक्तिहरुको मृत्युको प्रमाणीकरण भइसकेको छ। संक्रमणको हिसाबले कोशी,बागमती र गण्डकी प्रदेशमा बढी संक्रमण देखिए पनि कूल संक्रमितहरुको ८० % भन्दा बढी केशभार सात वटा प्रदेशका १० जिल्लाहरु (सुनसरी,तनहु ,झापा,कास्की काठमाडौं,मोरंग,शंखुवासभा,कैलाली र भक्तपुर, र धादिंङ) ले ओगटेको थियो। डेंगीबाट मृत्यु प्रमाणित भएका व्यक्तिहरुको तथ्यांक पुनरावलोकन गर्दा कूल मृत्यु मध्ये ५० प्रतिशत भन्दा बढी मृत्यु ५५ वर्ष वा सो भन्दा बढी उमेर समुहमा भएका र मृत्यु भएका व्यक्तिहरुमा डेंगी संगै अन्य दीर्घ रोगका साथै निमोनिया, स्क्रब टाईफस् लगायतका संक्रमण समेत रहेको पाइएको थियो महिना अनुसार संक्रमणको अवस्था हेर्दा बिगतका सवै बर्षहरुमा देखिएझैं यस बर्ष पनि जेस्ठ महिना देखि संक्रमण बढ्दै गई भाद्र र आश्विन महिनामा संक्रमितको संख्या उच्च रहने र त्यसपश्चात क्रमशः कम हुँदै जाने अनुमान गर्न सकिन्छ

## १.२. हालसम्म भएका प्रमुख उपलब्धिहरु

क. सातै प्रदेशमा ईन्तोमोलोजिकल ल्याब स्थापाना गरि सकिएको र करिब ८० भन्दा बढी स्वास्थ्य कर्मीहरुलाई फिल्ड ईन्टोमोलोजी ब्यसिक तथा रिफ्रेसर तालिम संचालन गरिएको।

डेंगी सार्ने लामखुट्टेको लार्भालाइ खोज तथा नष्ट गर्ने अभियानको भिडियो सामग्री बनाइ संचार गरिएको ।

## १.३. डेंगी रोग रोकथाम तथा नियन्त्रणका चुनौतीहरु

1. बर्षायाम संगै डेंगी रोग सार्ने लामखुट्टेको वृद्धि बिकास हुने स्थानहरु प्रचुर मात्रामा हुने हुँदा बहुपक्षीय समन्वय र सहकार्य बिना लामखुट्टेको नियन्त्रण गर्न कठिन रहेको
2. कतिपय निजि/सरकारी अस्पताल तथा स्वास्थ्य संस्थाहरुबाट संक्रमित सबै डेंगी रोगीहरुको तथ्यांक नियमित र पूर्ण रुपमा रुपमा प्राप्त हुन नसकेको
3. डेंगी रोगको चाप अत्याधिक भएका कारण डेंगी पहिचानका लागि आवश्यक डेंगी किटको मागलाइ सम्बोधन गर्न नसकिएको
4. निरन्तर बर्षभरि लामखुट्टेको निगरानी गर्न इन्टोमोलोजिष्ट तथा आर्थिक श्रोतको अभाव रहेको ।
5. लामखुट्टे रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय बाहेक अन्य सरोकारवाला मन्त्रालयको भूमिकालाइ पैरवी हुन नसकेको
6. समुदाय तथा आम नागरिक तह सम्म जोखिम संचारलाइ प्रेषण गर्न कठिन भएको
7. निजि स्वास्थ्य संस्थाहरुबाट डेंगी रोगको निदानका लागि प्रयोग भएका डेंगी किटको गुणस्तर तथा मुल्यमा एकरूपता हुन नसकेको
8. आ.ब २०७९/८० मा डेंगी रोकथामका लागि संघ, प्रदेश र स्थानीय तहमा विनियोजित बजेट खर्च भइसकेको तर सामान्यतया डेंगीको केशहरु बैशाख बाटै देखापर्ने हुँदा रोकथाम तथा नियन्त्रणका लागि आर्थिक श्रोत को अभाव हुनसक्ने

## १.४. कार्य योजना

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग टेकु, काठमाडौं

डेंगी रोग रोकथाम तथा नियन्त्रणका लागि देहाय बमोजिमका क्रियाकलापहरु संचालन गरिनेछ ।

1. **जनस्तर सम्म डेंगी रोग रोकथाम तथा नियन्त्रणको सचेतनाका लागि बहु-निकाय तथा बहु-सहकार्य**
2. **लामखुट्टे वृद्धि बिकास नियन्त्रणका लागि बहु-निकाय समन्वय**
3. **रोग प्रक्षेपण तथा जोखिम मुल्यांकनका लागि बाहक (लामखुट्टे) को नियमित निगरानी तथा प्रतिकार्य**
4. **डेंगीको निदान, उपचार तथा व्यवस्थापनका लागि स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि**
5. **डेंगी रोगको निगरानी तथा तथ्यांक सुदृढीकरण**
6. **अध्ययन तथा अनुसन्धान**

यसका लागि कीटजन्य रोग सार्ने बाहक (लामखुट्टे) को बर्षभरिनै एकिकृत सर्भिलेन्स पश्चात डेंगी रोगको बार्षिक प्रक्षेपण गर्न सकिने प्रणालीको बिकास गरिने । यसका लागि सातै प्रदेशमा ईन्टोमोलोजिकल ल्याब स्थापाना भईसकेको र एकिकृत भेक्टर सर्भिलेन्स को स्वीकृति भई कार्यन्वयन भैरहेको लामखुट्टेको नियन्त्रणका लागि अन्य सरोकारवाला निकायहरु (जस्तै: भौतिक पूर्वाधार, खानेपानी तथा ढल व्यवस्थापन, शहरी विकास, शिक्षा, संचार) संग बर्षायाम शुरु हुनु भन्दा अगाडी देखिनै तिनै तहमा सहकार्य तथा समन्वय गर्ने । डेंगी रोगको **निगरानी प्रणाली**लाइ चुस्त दुरुस्त बनाउने।केश देखिएको क्षेत्रमा तत्काल लामखुट्टे नियन्त्रणका लागि अपरिहार्य कार्यहरुलाइ सक्रिय बनाइने ।

- लामखुट्टेको लार्भा खोज तथा नष्ट गर्ने अभियान
- जनस्तर सम्म डेंगी रोग रोकथाम तथा नियन्त्रणका लागि सचेतना

संघले बिकास गरेका जोखिम संचार संग सम्बन्धित सन्देशहरु प्रदेश तथा स्थानीय तहहरुको सहकार्यमा जनस्तर सम्म पुर्याउन बिभिन्न कार्यलाइ निरन्तरता दिने र डेंगी रोगको निदानका लागि डेंगी रोग निदान किट समयमै व्यवस्थापन गर्न आवश्यक प्रक्रिया अघि बढाउने लगाएतका क्रियाकलापहरु समेटिएका छन्

## १.५. प्रस्तावित कार्यक्रम

| कार्यक्रम | जिम्मेवार मन्त्रालय हरु | कार्यन्वयन गर्ने निकायहरु | | | | कार्यन्वयन हुने महिना (माघ २०८० देखि पौष २०८०१ सम्म) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संघ अन्तर्गतका निकायहरु | प्रदेश/जिल्ला | स्थानीय तह | समुदाय/ सरोकारवाला | माघ | फाल्गुण | चैत्र | वैशाख | जेठ | आसाढ | श्रावण | भाद्र | आश्विन | कार्तिक | मङ्सिर | पौष |
| **1. जनस्तर सम्म डेंगी रोग रोकथाम तथा नियन्त्रणको सचेतनाका लागि बहु-निकाय तथा बहु-सहकार्य** | | | | | | | | | | | | | | | | | |
| 1. डेंगी रोग रोकथाम तथा नियन्त्रणका लागि सूचनाको उत्पादन, प्रकाशन तथा वितरण | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | स्वास्थ्य सेवा बिभाग (राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र/ इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा) | स्वास्थ्य निर्देशनालय/ स्वास्थ्य कार्यालय | स्वास्थ्य (महा)शाखा | संचारकर्मी / मिडिया | | | | | | | | | | | | |
| 2. डेंगी सचेतनाका लागि बिद्यालय शिक्षा कार्यक्रम | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ शिक्षा, बिज्ञान तथा प्रविधि मन्त्रालय | | स्वास्थ्य कार्यालय | स्वास्थ्य र शिक्षा हेर्ने सम्बन्धित शाखा/ महाशाखा हरु | | | | | | | | | | | | | |
| 3. डेंगी सचेतनाका लागि घरदैलो कार्यक्रम | | | | स्वास्थ्य (महा)शाखा/ अन्य सरोकारवा | आमा समुह/ टोल बिकास संस्था/ | | | | | | | | | | | | |



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु काठमाडौं

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ला | म.स्वा.स्व. से | | | | | | | | | | | | |
| 4. रेडियो, टेलिभिजन तथा सामाजिक संजाल बाट डेंगी रोग रोकथामको सूचना प्रवाह | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ सूचना तथा संचार मन्त्रालय | स्वास्थ्य सेवा बिभाग (राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र/ इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा) | स्वास्थ्य/ सामाजिक बिकास मन्त्रालय | स्वास्थ्य (महा)शाखा | संचारकर्मी / मिडिया | | | | | | | | | | | | |
| 5. चोक तथा रणनैतिक स्थानहरुमा ब्यानर तथा पोस्टर प्रदर्शन तथा माइकिंङ्ग | | | स्वास्थ्य कार्यालय | स्वास्थ्य (महा)शाखा/ अन्य सरोकारवाला | आमा समुह/ टोल विकास संस्था/ म.स्वा.स्व. से | | | | | | | | | | | | |
| **2. लामखुट्टे वृद्धि विकास नियन्त्रणका लागि बहु-निकाय समन्वय** | | | | | | | | | | | | | | | | | |
| **२.१. वातावरण व्यवस्थापन** | | | | | | | | | | | | | | | | | |
| 1. पानि संचय गर्ने अभ्यासको सुधार | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ खानेपानी मन्त्रालय | स्वास्थ्य सेवा बिभाग (राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र/ इपिडिमियोलोजी तथा रोग | स्वास्थ्य कार्यालय | स्वास्थ्य, बातावरण तथा शहरी पूर्वाधार हेर्ने सम्बन्धित | आमा समुह/ टोल बिकास संस्था/ म.स्वा.स्व. से | | | | | | | | | | | | |



नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग टेकु, काठमाडौं

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नियन्त्रण महाशाखा), खानेपानी तथा ढल व्यवस्थापन बिभाग | | शाखा / महाशाखा हरु/ अन्य सरोकारवाला | | | | | | | | | | | | | |
| 2. सार्वजनिक स्थलका पानि जम्ने खाल्डाखुल्डी पुर्ने तथा फोहोर व्यवस्थापन गर्ने | शहरी बिकास मन्त्रालय | सडक बिभाग/ सडक डिभिजन कार्यालय | | बातावरण तथा पूर्वाधार हेर्ने सम्बन्धित शाखा /महाशाखा हरु | | | | | | | | | | | | | |
| 3. भूमिगत पार्किङ स्थल, निर्माणाधीन भवन, अव्यवस्थित ग्यारेज, कवाडी खाना लगायतका स्थानहरुको निगरानी तथा नियमन | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ अन्य सरोकार वाला मन्त्रालय | | | बातावरण तथा पूर्वाधार हेर्ने सम्बन्धित शाखा /महाशाखा हरु | टोल बिकास संस्था/ अन्य सरोकारवालाहरु | | | | | | | | | | | | |
| **२.२. वयस्क लामखुट्टे तथा लार्भा नष्ट** | | | | | | | | | | | | | | | | | |
| 1. लामखुट्टे लार्भा खोज तथा नष्ट | स्वास्थ्य तथा | स्वास्थ्य सेवा बिभाग | स्वास्थ्य निर्देशना | स्वास्थ्य (महा)शा | आमा समुह/ टोल | | | | | | | | | | | | |



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गर्ने अभियान | जनसंख्या मन्त्रालय | (इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा/ राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र) | लय/ स्वास्थ्य कार्यालय | खा/ अन्य सरोकारवाला | बिकास संस्था/ म.स्वा.स्व.से | | | | | | | | | | | | |
| **२.३ व्यक्तिगत सुरक्षा** | | | | | | | | | | | | | | | | | |
| 1. लामखुट्टे को टोकाईबाट बच्न व्यक्तिगत सुरक्षाका उपायहरुको प्रयोग (झुल, रिपेलेन्ट स्प्रे वा मलम, मच्छड धुप, झ्याल ढोकामा जालीको प्रयोग आदि) | | | | स्थानीय तह | व्यक्ति/समुदाय तथा सरोकारवालाहरु | | | | | | | | | | | | |
| **3. रोग प्रक्षेपण तथा जोखिम मुल्यांकनका लागि बाहक (लामखुट्टे) को नियमित निगरानी तथा प्रतिकार्य** | | | | | | | | | | | | | | | | | |
| 1. बाहक (लामखुट्टे) को निश्चित ठाउँहरुमा नियमित निगरानी | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | स्वास्थ्य सेवा बिभाग (इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा), | स्वास्थ्य निर्देशनालय/ स्वास्थ्य कार्यालय | | | | | | | | | | | | | | |



नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग टेकु, काठमाडौं

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (त्रैमासिक रुपमा: बैशाख-जेष्ठ, भाद्र-आश्विन, माघ-फाल्गुण) | | कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र | | | | |
| 2. बाहक (लामखुट्टे) को प्रतिकार्य/ निगरानी | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | स्वास्थ्य सेवा बिभाग (इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा), कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र | स्वास्थ्य निर्देशनालय/ स्वास्थ्य कार्यालय | स्वास्थ्य (महा)शाखा/ अन्य सरोकारवाला | आमा समुह/ टोल विकास संस्था/ म.स्वा.स्व.से | आवश्यकता अनुसार |
| **4. डेंगीको निदान, उपचार तथा व्यवस्थापनका लागि स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि** | | | | | | |
| 1. अस्पतालहरुमा डेंगी रोगको चापका आधारमा ज्वरोको स्क्रिनिंग का लागि ज्वरो क्लिनिक/वार्ड संचालन तथा व्यवस्थापन | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | संघीय अस्पतालहरु/ शिक्षण अस्पताल/ प्रतिष्ठानहरु | प्रदेश अन्तर्गतका अस्पतालहरु | स्थानीय अस्पताल | | आवश्यकता अनुसार |
| 2. डेंगी रोगको निदानका | स्वास्थ्य तथा | स्वास्थ्य सेवा बिभाग | प्रदेश स्वास्थ्य | | | |



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु काठमाडौं

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| लागि आवश्यक किटको सुनिश्चितता | जनसंख्या मन्त्रालय | (व्यवस्थापन महाशाखा/ इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा) | आपूर्ति केन्द्र | | | | | | | | | | | | | | |
| 3. चिकित्सक तथा स्वास्थ्यकर्मीहरुका लागि तालिम तथा अभिमुखीकरण | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | स्वास्थ्य सेवा विभाग (इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा / चिकित्सा सेवा महाशाखा) | स्वास्थ्य निर्देशनालय | | | | | | | | | | | | | | |
| **5. डेंगी रोगको निगरानी तथा तथ्यांक सुदृढीकरण** | | | | | | | | | | | | | | | | | |
| 1. निजि तथा सरकारी अस्पतालका मेडिकल रेकर्डरहरुलाई अभिमुखीकरण | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | स्वास्थ्य सेवा विभाग (इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा) | स्वास्थ्य निर्देशनालय | | | | | | | | | | | | | | |
| 2. निजि तथा सरकारी अस्पतालहरुबाट डेंगीको बिरामीहरुको तथ्यांक | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | संघीय अस्पतालहरु/ शिक्षण अस्पताल/ प्रतिष्ठानहरु/ निजि अस्पतालहरु | प्रदेश अन्तर्गतका अस्पतालहरु | स्थानीय अस्पताल | | | | | | | | | | | | | |



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु काठमाडौं

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अभिलेखीकरण तथा प्रतिवेदन सुनिश्चित गर्ने | | | | | | | | | | | | | | | | | |
| 3. डेंगीको बिरामीहरुको तथ्यांक भेरीफिकेसन र फलोअप | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | स्वास्थ्य सेवा बिभाग (इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा / व्यवस्थापन महाशाखा, एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन शाखा) | स्वास्थ्य निर्देशनालय/ स्वास्थ्य कार्यालय/ अस्पताल | | | | | | | | | | | | | | |
| 4. जोखिम नक्सांकन तथा हट-स्पट पहिचान गर्ने | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | स्वास्थ्य सेवा बिभाग (इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा) | | | | | | | | | | | | | | | |
| **6. अध्ययन तथा अनुसन्धान** | | | | | | | | | | | | | | | | | |
| 1. डेंगी सेरोटाईपको पहिचान | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | स्वास्थ्य सेवा बिभाग (इपिडिमियोलोजी तथा रोग नियन्त्रण | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | | | | | | | | | | | | | | |



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु काठमाडौं

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महाशाखा, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला) तथा सहयोगी संस्थाहरु | | | | | | | | | | | | | | | |
| 2. लामखुट्टेमा डेंगी भाइरसको आइसोलेशन | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | स्वास्थ्य सेवा बिभाग (इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला) तथा सहयोगी संस्थाहरु | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | | | | | | | | | | | | | | |

## कार्य योजना कार्यान्वयनका लागि श्रोत व्यवस्थापन

प्रस्तावित कार्ययोजनामा रहेका क्रियाकलापहरु संचालन गर्न अनुमानित बजेट समेत प्रस्तावित गरिएको छ। यसरी बजेट प्रस्ताव गर्दा डेंगी रोगको आर्थिक बर्ष ०७९/८० तथा २०८० /८१ को हाल सम्म देखा परेको डेंगी रोगको बिरामीको तथ्यांकको आधारमा संघ, प्रदेश तथा स्थानीय तहमा बजेट आवश्यकताको पहिचान गरिएको छ। डेंगी रोगको निदान प्रयोजनका लागि किट व्यवस्थापन, डेंगी रोग सार्ने लामखुट्टेको सर्भिलेन्स (निगरानी) तथा वयस्क लामखुट्टे नियन्त्रण प्रयोजनका लागि बिषादी खरिद आदिको बजेट केन्द्रमा माग गरिएको छ भने डेंगी रोग सार्ने लामखुट्टेहरुको वासस्थान खोजी तथा नष्ट गर्ने प्रमुख

रणनीतिको कार्यान्वयको लागि स्थानीय तह र जिल्लालाइ बजेट प्रस्ताव गरिएको छ । प्रस्तावित बजेट विगतमा देखिएको डेंगी रोगको तथ्यांक र जोखिम विश्लेषणका आधारमा स्थानीय तहलाई तथा प्रदेश लाइ विनियोजन गर्न सिफारिस गरिएको छ । माग गरिएको अनुमानित बजेटमा प्रकोपको अवस्थाको आधारमा थप बजेट आवश्यक पर्ने वा नपर्ने कुरा यकिन गर्न सकिनेछ । प्रस्ताव गरिएको बजेटको संघ, प्रदेश तथा स्थानीय तहमा विनियोजन गर्नुपर्ने बजेट रकम निम्नानुसार रहेको छ ।

| सि.नं | डेंगी रोगको केश भार | स्थानीय तह को संख्या | प्रस्तावित बजेट (प्रत्येक स्थानीय तह) | जम्मा बजेट (रु) |
|---|---|---|---|---|
| १ | १००० भन्दा माथी | ७ | ८ लाख | ५६ लाख |
| २ | १०१ देखि १००० | २७ | ५ लाख | १ करोड ३५ लाख |
| ३ | ५१ देखि १०० | २६ | ३ लाख | ७८ लाख |
| ४ | १० देखि ५० | १४० | २ लाख | २ करोड ८० लाख |
| ५ | १० भन्दा कम | ५५३ | ५० हजार | २ करोड ७६ लाख ५० हजार |
| | **जम्मा** | **७५३** | **८ करोड २५ लाख ५० हजार** | |

**प्रदेश र अन्तर्गतका जिल्लाहरु**

| प्रदेश | केश संख्या | | Case Incidence (प्रति लाख जनसंख्या) | | प्रस्तावित बजेट |
|---|---|---|---|---|---|
| | सन् २०२२ | सन् २०२३ | सन् २०२२ | सन् २०२३ | |
| बागमती | ४२,८१० | ८७६२ | ७०२ | | ५८,७५,००० |



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| लुम्बिनी | २,५३३ | १७१२ | ४९ | | ४२,७५,००० |
| कोशी | १,८२१ | २६१२२ | ३७ | | २१,००,००० |
| गण्डकी | १,७३१ | १२७८३ | ७० | | ४२,७५,००० |
| सुदूरपश्चिम | १,०७६ | २११३ | ४० | | ४२,७५,००० |
| मधेश | ८८० | ९३६ | १४ | | २१,००,००० |
| कर्णाली | ४८० | ३८२ | २८ | | २१,००,००० |
| **जम्मा** | **५४७८४** | **५२७९०** | | | **२,५०,००,०००** |

**प्रदेश अन्तर्गत प्रस्ताव गरिएका क्रियाकलापहरु: सुचनाको प्रकाशन तथा वितरण, चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई अद्यावधिक उपचार पद्धतिको अभिमुखीकरण, बाहक प्रतिकार्य निगरानी तथा बहु निकाय समन्वय, आदि*

**संघ अन्तर्गत प्रस्तावित बजेट:** ६ करोड ४९ लाख ५० हजार

संघ अन्तर्गत डेंगी रोगको निदान किट खरिद, डेंगी रोग नियन्त्रणका लागि बिषादी तथा अन्य आवश्यक सामग्री खरिद तथा ढुवानी, बाहकको नियमित निगरानी (सर्भिलेन्स), अनुगमन तथा मुल्यांकन र द्रुत प्रतिकार्यका लागि प्रदेश तथा स्थानीय तहसँग समन्वय तथा सहकार्य आदि

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु काठमाडौं